# इन्द्रावती गाउँपालिका

## स्थानीय पाठ्यक्रम – २०७७

विषय : इन्द्रावती परिचय

कक्षा –२

कक्षा दुईको अध्ययन पूरा गरेपछि इन्द्रवती परिचय विषयमा विद्यार्थीहरु निम्न कार्य गर्न सक्षम हुनेछन् ।

१. आफ्ना छिमेकी टोलहरुको नाम बताउन र आफ्नो टोलमा भएका प्राकृतिक सम्पदाहरु पहिचान गर्न ।

२. स्थानीय ऐतिहासिक तथा विशिष्ट व्यक्तित्वहरुको परिचय दिन ।

३. स्थानीय स्तरमा बसोबास गर्ने बिभिन्न जातजातिहरुको थर बताउन ।

४. स्थानीय मठ,मन्दिर, धार्मिक स्थल,، एवं ऐतिहासिक स्थलहरुको नाम बताउन ।

५. स्थानीयबासीले मनाउने कुनै चारओटा चाडपर्वहरुको बारेमा बताउन ।

६. स्थानीय भाषामा पारिवारिक नाता र नाप, तौलहरुको बारेमा बताउन ।

७. प्रचलित कुनै दुईओटा स्थानीय बाजा तथा कुनै एकओटा नाचको छोटो परिचय दिन ।

८. प्रचलित स्थानीय संस्कारहरुको सूची तयार गर्न ।

९. स्थानीय बासीले लगाउने भेषभूषा र खानपान ( खिर, जाउलो, सूजिको हलुवा, मकैभटमास, रोटी) कोबारेमा बताउन ।

१०. स्थनीय पेशा र व्यवसायको परिचय दिने ।

११. कृषिका औजारहरु चिन्न र त्यसको काम बताउन ।

१२. स्थानीय स्तरमा पाइने जडिबुटीहरुको सूची तयार गर्न ।

१३. स्थानीय बालगीत गाउन र लखेलहरु खेल्न ।

१४. विद्यालयमा बाल बगैंचाको महत्व बताउन ।

| क्षेत्र | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १.इन्द्रावतीको भूगोल र प्राकृतिक सम्पदा | १.आफु बसेको टोल र वडा नम्बर बताउन ।<br><br>२.आफ्ना छिमेकी टोलहरुको नाम भन्न र वडाहरु चिन्न । | इन्द्रावतीको विभिन्न ठाउँहरुको नाम र वडा नं. ।<br><br>आफ्ना छिमेकी टोल र वडा नम्बरहरु । | तपाई बस्ने टोलको नाम के हो भनेर सबै बालबालिकाहरुलाई सोध्ने र प्राप्त उत्तरलाई टिप्तै जाने, इन्द्रवती गा.पा.को १२ वटा वडाहरु अंकित नक्सा देखाएर उनीहरु बस्ने वडा देखाइदिने र नक्सा हेरेर आफु बसेको ठाउँ चिन्न र भन्न लगाउने, क्षेत्रफलका आधारमा सबैभन्दा ठूलो र सबैभन्दा सानो वडा चिन्न लगाउने । नक्सा हेरेर आफ्नो वडा र टोल चिन्न लगाउने । विद्यालय भएको वडा र टोलको नाम भन्न लगाउने । इन्द्रवती का विभिन्न टोलको भिडियो वा फोटा देखाएर छलफल गराउने, विद्यालय वरपरका टोल घुमाउने र छलफल गराउने । | इन्द्रवती गा.पा.को १२ वडाहरु अंकित नक्सा, सिन्धुपाल्चोक जिल्लाको सबै स्थानीय तहहरु अंकित नक्सा, भिडियो वा फोटाहरु आदी । | तपाई बस्ने टोल र छिमेकी टोलहरुको नाम बताउनुहोस् । नक्सा देखाएर विभिन्न वडाहरु पहिचान गर्न लगाउने । कक्षा क्रियाकलापका आधारमा मूल्याङ्कन गर्ने । | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ३.आफ्नो टोल र वडाका मुख्य प्राकृतिक सम्पदाहरु पहिचान गर्न । | आफ्नो टोल र वडाका मुख्य प्राकृतिक सम्पदाहरु पहिचान जस्तैः इन्द्रवती नदी, बाटुले चौर, लहरेमाने डाँडा, भिमसेन ढुंगो | तपाइको टोलमा कुन कुन नदी वा खोलाहरु छन् ? भनी साध्ने र विद्यार्थीहरुबाछ आएको उत्तर सेतो पाटीमा टिपेर छलफल गर्ने । विद्यालय अवस्थित टोल र वडाको नक्सामा स्थानीय खोलानाला, सिमसार, चौर, डँडाकाँडाको फोटो टाँसेर देखाउने । विद्यार्थीहरुलाई आफ्नो टोल र वडाको नक्सा कोर्न लगाएर त्यहाँ भएका खोलानाला, सिमसार, चौर, डँडाकाँडाको फोटो टाँसेर परियोजना कार्य गर्न लगाउने । | प्रत्येक वडाको नक्सा र स्थानीय प्राकृतिक सम्पदा का फोटाहरु । | आफ्नो टोलमा भएका पाँचओटा मुख्य प्राकृतिक सम्पदाहरुको नाम लेख्नुहोस् । | ५ |
| इन्द्रावतीको इतिहास | ४. इन्द्रावतीका दुईजना सहिद् वा ऐतिहासिक व्यक्तित्वहरुको परिचय दिन । | इन्द्रावतीका दुईजना सहिद् वा ऐतिहासिक व्यक्तित्वहरुको सामान्य जानकारी । | इन्द्रावतीका दुईजना सहिद् वा ऐतिहासिक व्यक्तित्वहरुको तस्विर देखाएर नाम बताउने । उनीहरु जन्मिएको टोल र वडा बताउदै नक्सामा सो स्थान देखाउन लगाउने । उनीहरुको जन्म र मृत्यु मिति लेखिएका कागजका टुक्राहरु फोटोको छेउमा टास्न लगाउने । | तस्विरहरु र परिचय पुस्तिका | सहिद् ...को परिचय दिनुहोस् । इन्द्रावतीका ऐतिहासिक व्यक्तित्व .....को बारेमा लेख्नुहोस् । | ४ |
| | ५.इन्द्रावतीका विशिष्ट व्यक्तित्वहरुको मुख्य मुख्य योगदानको पहिचान गर्न । | इन्द्रावतीका विशिष्ट व्यक्तित्वहरुको मुख्य मुख्य योगदानको बारेमा सामान्य जानकारी । | इन्द्रावतीका दुई जना विशिष्ट व्यक्तित्वहरुको तस्विर देखाएर यो फोटो कसको हो ? भनेर सोध्ने विद्यार्थीहरुले सही उत्तर नआएमा बताइदिने । र त्यस्ता व्यक्तित्वले गरेका मुख्य मुख्य योगदानको बर्णन गर्ने । यदी त्यस्ता व्यक्तित्व जिबीत भएमा विद्यार्थीहरुसंग भेटघाट गराई | तस्विरहरु र परिचय पुस्तिका | इन्द्रावतीमा कुनै एकजना विशिष्ट व्यक्तित्वले गरेका योगदानको सूची तयार गर्नुहोस् । | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | छलफल गराउने । | | | |
| २.स्थानीय जातजाति र जनसंख्या | ६.स्थानीय बिभिन्न जातजातिहरुको पेशाको आधारमा रहेका थरहरुको सूची तयार गर्न । | ६.स्थानीय बिभिन्न पेशाका आधारमा रहेका थरहरुको सामान्य जानकारी । जस्तै माझी । | स्थानीय विभिन्न पेशाको आधारमा जात (थर) रहेका मानिसहरुको पेशा अनुसारको फोटाहरु देखाएर छलफल गराउने । त्यस्ता पेशा अनुसारको थर भएका विद्यार्थीहरु कक्षामा भएमा उनीहरुको परिचय दिन लगाउने । विद्यालयको पहुँचमा पेशा अनुसारको थर भएका मानिसको घर भएमा विद्यार्थीहरुलाई भ्रमण गराई छलफल गराउने । | फोटाहरु | पेशाको आधारमा जात ( थर) रहेका मानिसहरुको सूची तयार गर्नुहोस् । | ४ |
| स्थानीय धार्मिक स्थलहरु | ७.स्थानीय मठ,मन्दिर तथा प्रमुख धार्मिक स्थलहरुको नाम बताउन । | स्थानीय मठ,मन्दिर तथा प्रमुख धार्मिक स्थलहरु पहिचान । | तपाईको घर वरपर मठ मन्दिरहरु छन् ? भनी सोध्ने र विद्यार्थीहरुले भनेको कुरा टिपेर छलफल गराउने । स्थानीय स्तरमा भएका प्रमुख धार्मिक स्थलहरुको फोटो वा भिडियो देखाएर वर्णन गर्ने । विद्यालय नजिकै कुनै धार्मिक स्थल भएमा भ्रमण गराई छलफल गर्ने । आफुलाई मनपर्ने मन्दिरको चित्र कोर्न र रंग भर्न लगाउने । | फोटाहरु, भिडियो आदी । | स्थानीय स्तरमा भएका प्रमुख धार्मिक स्थलहरुको नाम बताउनुहोस् । | ६ |
| स्थनीय सीप, पेशा र व्यवसाय | ८.स्थनीय सीप पहिचान गर्न ।<br><br>९.स्थानीय पेशा र व्यवसायको महत्व बताउन । | (क) स्थनीय सीपहरुको सामान्य जानकारी ।<br><br>(ख) स्थानीय पेशा र व्यवसायको महत्व । | १.स्थानीय स्तरका सीपहरु जस्तैः डोको, डालो, नाङ्लो, नाम्लो, जाल, राडीपाखी बुनेको फोटाहरु वा भिडियो देखाएर स्थानीय सीपहरुको वर्णन गर्दै छलफल गराउने ।<br>२.क कसको घरमा यस्ता सामग्री बुन्ने गरेको छ भनी सोध्ने र आएका जवाफहरु टिपोट गरी छलफल गर्ने ।<br>३.विद्यालय नजिकको बस्तीमा लगेर विद्यार्थीहरुलाई स्थानीय सीप तथा | फोटाहरु वा भिडियो आदी । | स्थानीय सीप भनेको के हो ?<br><br>स्थानीय सीपका सामग्रीहरुको सूची तयार गर्नुहोस् ।<br><br>स्थानीय पेशा र व्यवसायको महत्व | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | पेशा व्यवसायकोहरुको अवलोकन र छलफल गराउने ।<br>४.स्थानीय पेशा र व्यवसायको महत्व बताउने । | | बताउनुहोस् । | |
| | १०. कृषिका औजारहरु चिन्न र काम बताउन । | कृषिका औजारहरु जस्तैः हलो, दाते, कुटो, कोदालो, खुकुरी, हँसिया, खुर्पेटो आदीको सामान्य परिचय । | हलो, दाते, कुटो, कोदालो, खुकुरी, हँसिया, आदीको नमूना वा फोटो देखाएर नाम भन्न लगाउने ।<br>कुन औजारको प्रयोग के काममा गरिन्छ ? भनी छलफल गराउने ।<br>हलो जोतेको, धान रोपेको, घाँस काटेको अभिनय गर्न लगाउने ।<br>विद्यालय नजिकको घरमा लगेर कृषि औजारहरुको अवलोकन गराएर छलफल गर्ने । आफुलाई मन पर्ने औजारको चित्र कोरेर रंग भर्न लगाउने । | कृषि जौजारका मोडल वा फोटाहरु । | सात ओटा कृषिका जौजारहरुको नाम बताउनुहोस् ।<br><br>कुनै दुईओटा कृषिका जौजारको काम लेख्नुहोस् । | ४ |
| ११.स्थानीय जडिबुटी | ११.स्थानीय स्तरमा पाइने जडिबुटीहरुको सूची तयार गर्न । | स्थानीय स्तरमा पाइने जडिबुटीहरु जस्तैः सुनाखरी, चिराइतो, वेल, हर्रो, बर्रो, अमला, घिउकुमारी, सिउँडी, बुद्धचित्त,असुरो, तितेपातीको सामान्य जानकारी । | थानीय स्तरमा पाइने जडिबुटीहरु जस्तैः सुनाखरी, चिराइतो, वेल, हर्रो, बर्रो, अमला, घिउकुमारी, सिउँडी, बुद्धचित्त,असुरो, तितेपाती आदीको भिडीयो वा फोटाहरु देखाएर छलफल गराउने । कुन जडिबुटीले के काम गर्छ भनेर वर्णन गर्ने ।<br>विद्यालय वरपर पाइने जडिबुटीहरुको अवलोकन गराएर छलफल गर्ने । | भिडियो वा फोटाहरु | स्थानीय स्तरमा पाइने कुनै दशओटा जडिबुटीहरुको नाम लेख्नुहोस् ।<br><br>आफ्नो घर वरपर पाइने जडिबुटीहरुको पात कापिमा टाँसेर नाम लेख्न लगाई | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | परियोजना कार्य गर्न लगाउने । | |
| १२.हरित विद्यालय | ११.बाल बगैंचाको आवश्यकता र महत्व बताउन । | विद्यालयमा बालबगैंचाको महत्व । | विद्यार्थीहरुलाई विद्यालयको  बाल बगैंचामा लगेर विभिन्न खालका क्रियाकलापह्रु गराउने । वद्यालयमा बाल बगैंचाको किन आवश्यकता पर्छ ? भनी प्रश्न सोध्ने र  आएका जवाफहरु टिपोट गरी छलफल गर्ने ।  बाल बगैंचाको फाइदा र महत्वको बारेमा विद्याथीहरुलाई जानकारी गराउने । | | वद्यालयमा बाल बगैंचा किन आवश्यकता पर्छ ?  बाल बगैंचाका पाँचओटा महत्व लेख्नुहोस् । | ८ |
| | | | | | | |